༄༅། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གྲོང་ཁུལ་ཁག།

# खुम्बु पासाङल्हामु गाउँपालिका

## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौंरीखर्क, सोलुखुम्बु कोशी प्रदेश नेपाल

Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province Nepal

बैठक संख्या.१४
मिति: २०८१।०५।०४
समय: बिहान ८.०० बजे
स्थान: गाउँकार्यपालिकाको कार्यालय

खुम्बु पासाङल्हामु गाउँपालिका सोलुखुम्बुका अध्यक्ष श्री मिङमा छिरी शेर्पा ज्यूको अध्यक्षतमा आज मिति २०८१।०५।०४ गते सोमबारका दिन बिहान ८.०० बजे १४ औ कार्यपालिका बैठक देहायको पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | मिङ्मा छिरी शेर्पा | |
| २ | उपाध्यक्ष | टासी ल्हामु शेर्पा | |
| ३ | कार्यपालिका सदस्य | फुनुरु शेर्पा | |
| ४ | कार्यपालिका सदस्य | आङ फुर्वा शेर्पा | |
| ५ | कार्यपालिका सदस्य | नुरु जाङ्बु शेर्पा | |
| ६ | कार्यपालिका सदस्य | लक्ष्मण अधिकारी | |
| ७ | कार्यपालिका सदस्य | पासाङ ग्याल्जेन शेर्पा | |
| ८ | कार्यपालिका सदस्य | ल्हाक्पा छिरी शेर्पा | |
| ९ | कार्यपालिका सदस्य | उमा बराइली | |
| १० | कार्यपालिका सदस्य | पासाङ डोमा शेर्पा | |
| ११ | कार्यपालिका सदस्य | डिमा याङजीन शेर्पा | |
| १२ | कार्यपालिका सदस्य | आङ माया शेर्पा | |
| १३ | कार्यपालिका सदस्य | ल्हाक्पा गेल्जेन शेर्पा | |
| १४ | कार्यपालिका सदस्य -स्वनिर | जगत प्रसाद भुसाल | |

Email: ito.khumbupasanglhamumun@gmail.com, info@khumbupasanglhamumun.gov.np
Phone: +97738590046

CamScanner

निर्णयहरुः

१. मिति २०८१/०४/३२ गते खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा आएको बाढीका कारण गाउँपालिकाभित्र विभिन्न स्थानमा प्रकोपबाट प्रभावितहरुलाइ तत्काल राहत स्वरुप पूर्ण क्षतिको हकमा रु पचास हजार र आंसिक क्षेतिको हकमा रु दस हजार प्रति परिवारमा प्रदान गर्ने र यस, बाढीका, कारण तत्काल राहत स्वरुप उपलब्ध गराएको ५६ घर परिवार एंव शिक्षक कर्मचारीको राहत रकम लागू अनुमोदन गर्ने।

२. राहतका लागि सल्लेरीमा भएको खाद्य डिपोमा आवश्यक समन्वय गर्ने र अपुग खाद्य बजार बाट खरिद गरी पिडितहरुलाई यथासिघ्र उपलब्ध गराउने ।

३. प्रकोपवाट भएको क्षतिको राहत तथा पुनर्निमाणको लागि विभिन्न दातृ निकाय बाट प्राप्त हुने रकम गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा जम्मा गर्नका लागि सार्वजनिक सूचना जारी गर्ने ।

४. भू-उपयोग क्षेत्र वर्गिकरण सम्वन्धि मापदण्ड २०७९ लाइ तत्काल कार्यान्वयनमा ल्याउने ।

५. हेलि कम्पनिहरुको बक्यौता रकमको लागि चरणवद्ध रुपमा हुने कारवाहीको जानकारी सहितको पत्राचार अविलम्व गर्ने

६. थामे आ.वि को विद्यार्थीहरुलाइ खुम्जुङ मा.वि मा स्थानन्तरण गर्ने र तँहाको भान्साको लागि हाल आवश्यक सामाग्री साविकको मन्जुश्री बौद्ध आधारभुत विद्यालयवाट लैजाने र अपुग सामाग्री बजार बाट खरिद गरी उपलब्ध गराउने ।

७. हालको लागि प्रकोप भएको स्थानमा टेन्ट लगायतका सामाग्रीका व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालय सल्लेरी र गृह मन्त्रालयमा समन्वय गर्ने ।

८. गाउँपालिका भित्रका पदमार्ग लगायतका भौतिक संरचनाहरुको पूनर्निमाणका लागि मर्मत संभार कोषबाट खर्च गर्ने गरि पद मार्गलाइ यथासिघ्घ्र संचालनमा ल्याउने र मर्मत संभार कोषबाट खर्च गर्ने गरी कार्य अगाडि बढाउने ।

९. हालको लागि Affix Link M.S Printing Solution वाट प्राप्त Trek Card तोकिएको स्पेशिफिकेसन वमोजिम नभएको कारण विल रकम भुक्तानी नभएको अवस्था र वजार उपलब्धताको अवस्था समेतलाई - दृष्टिगत गरी थप कारवाही प्रकृया अगाडि बढाउन न्यायसंगत नदेखिएकाले थप कारवाही प्रकृया अगाडी नवढाउने।

१०. खुम्बु पासाङल्हामु गाउँपालिकाको तालिम सञ्चालन कार्यविधि, २०८१ स्विकृत गर्ने ।